# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मितिः २०८२।०६।०५गते।

## प्रेस विज्ञप्ति

**विषयः** सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यू समक्ष अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पैतिसौं बार्षिक प्रतिवेदन (आर्थिक वर्ष २०८१/८२) पेश गरेको सम्बन्धमा।

- नेपालको संविधानको धारा २९४ बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय प्रमुख आयुक्त प्रेम कुमार राईले आज मिति २०८२ साल असोज ५ गते राष्ट्रपतिको कार्यालय, शितल निवास, महाराजगञ्जमा आयोजित विशेष समारोहमा सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यू समक्ष आयोगको पैतिसौं बार्षिक प्रतिवेदन (आर्थिक वर्ष २०८१/८२) पेस गर्नुभयो।
- उक्त समारोहमा सम्माननीय राष्ट्रपतिज्यूले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफ्नो संवैधानिक जिम्मेवारी अनुसार मुलुकमा सुशासन स्थापना र भ्रष्टाचार नियन्त्रणमा पुऱ्याएको योगदानको लागि धन्यवाद व्यक्त गर्नुभयो। साथै, उहाँले लोकतन्त्रको जग जवाफदेहिता सहितको शासन हो भन्दै आयोगले शासनमा जवाफदेहिता अभिबृद्धि गर्न, कुनै दबाव र प्रभाव बिना स्वतन्त्र रुपमा आम नागरिकको अपेक्षा र शासकीय आवश्यकता अनुसार थप प्रभावकारी रुपमा अनुसन्धान र अभियोजन गर्न आवश्यक रहेको बताउनु भयो।
- यसै गरी सम्माननीय राष्ट्रपतिज्यूले देश विकासको लागि सुशासनको अपरिहार्य आवश्यकता रहने र स्थापित स्वतन्त्र संवैधानिक निकायले निर्दिष्ट जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्न सकेमा जनबिश्वास र लोकतन्त्र प्रतिको भरोसा अभिबृद्धि हुने कुरा स्मरण गराउँदै आगामी समयमा आयोगको सक्षमता र सवलता थप सुदृढ हुँदै जाने विश्वाससमेत व्यक्त गर्नुभयो र आयोगले यस प्रतिवेदनमार्फत दिएका सुझाव कार्यान्वयनको लागि आफ्नो तर्फबाट नेपाल सरकार र संघीय संसदलाई ध्यानाकर्षण गराउने बताउनु भयो।
- आयोगको पैतीसौं बार्षिक प्रतिवेदन पेश गर्नुहुँदै आयोगका माननीय प्रमुख आयुक्त प्रेम कुमार राईले आर्थिक वर्ष २०८१/८२ मा आयोगले सम्पादन गरेका प्रमुख काम कारबाहीहरुको संक्षिप्त रुपमा विवरण प्रस्तुत गर्दै आयोगले आफ्नो संवैधानिक दायित्वलाई थप प्रभावकारिताका साथ निर्वाह गर्नको लागि यस आर्थिक वर्षमा आयोगको पाँचौ रणनीतिक योजना (आ.व. २०८१/८२-२०८५/८६) तर्जुमा गरी विभिन्न रणनीति, कार्यनीति र क्रियाकलापहरू निर्धारण गरेको व्यहोरा उल्लेख गर्नु भयो। साथै, नेपालको संविधानले व्यवस्था गरे बमोजिम आयोगले सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अनुसन्धान र अभियोजन गर्ने कार्य गर्दै आएको तथा

भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्धनका लागि निरोधात्मक र प्रबर्धनात्मक कार्यहरू समेत सम्पादन गर्दै आएको बताउनु भयो।

- साथै, उहाँले आयोगले केन्द्रीय कार्यालय टङ्गाल, काठमाडौं एवं इटहरी, बर्दिबास, हेटौंडा, पोखरा, बुटवल, सुर्खेत, कञ्चनपुर र नेपालगञ्जस्थित मातहत कार्यालयहरूबाट कार्यसम्पादन गर्दै आइरहेको तथा हाल आयोगमा कुल ९९० कर्मचारीको दरबन्दी  रहेको उल्लेख गर्दै आयोगबाट ३३ वटा जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूलाई अनुसन्धानसम्बन्धी अधिकार समेत प्रत्यायोजन गरिएको कुरा बताउनुभयो।
- यसैगरी, माननीय प्रमुख आयुक्तले यस आर्थिक वर्षमा आयोगमा विभिन्न माध्यमबाट दर्ता भएका, फछ्र्यौट भएका र फछ्र्यौट हुन बाँकी रहेका उजुरीको संख्यात्मक विवरण प्रस्तुत गर्नुका साथै आयोगले विशेष अदालतमा दायर गरेका तथा सर्वोच्च अदालतमा पुनरावेदन गरेका र पुनरावलोकनको निवेदन दिएका मुद्दाको संक्षिप्त विवरण समेत सो अवसरमा प्रस्तुत गर्नु भयो।
- सोही अवसरमा उहाँले भ्रष्टाचार नियन्त्रण र सुशासन प्रबर्धनको लागि आयोगलाई प्राप्त संवैधानिक जिम्मेवारी प्रभावकारिताका साथ निर्वाह गर्न र राज्यको नीति निर्भिकता, निष्पक्षता र तटस्थताका साथ कार्यान्वयन गर्न आयोग प्रतिवद्ध रहेको उल्लेख गर्नु भयो।
- साथै, उहाँले मुलुकमा सुशासनको लागि भ्रष्टाचार नियन्त्रण गर्ने कार्यमा सरकारका तीनै तह एवं निकायहरू, गैरसरकारी र निजी क्षेत्र, सञ्चारकर्मी, नागरिक समाज, अन्तर्राष्ट्रिय समुदाय एवं आम नागरिकबाट प्राप्त साथ, सहयोग र ऐक्यवद्धताका लागि आयोग परिवारको तर्फबाट धन्यबाद दिँदै आगामी दिनमा समेत सबैको सहयोग र सहकार्यको निरन्तरताको आयोगले अपेक्षा गरेको छ भन्नु भयो।
- सोही क्रममा उहाँले आगामी दिनमा आयोगलाई अझ बढी सक्रिय, सक्षम र कर्तव्यनिष्ठताका साथ अगाडि बढ्न मार्ग निर्देशन र सुझावको समेत अपेक्षा गर्दै आयोगको वार्षिक प्रतिवेदन पेस गर्ने कार्यक्रमका लागि समय उपलब्ध गराई दिनु भएकोमा सम्माननीय राष्ट्रपतिज्यूसमक्ष हार्दिक कृतज्ञता ज्ञापन गर्नु भयो।
- आयोगको पैतीसौं बार्षिक प्रतिवेदन पेश गर्ने समारोहमा आयोगका प्रमुख आयुक्त माननीय प्रेम कुमार राई, आयुक्तहरु माननीय  किशोर कुमार सिलवाल, माननीय जय बहादुर चन्द, माननीय डा. हरि पौडेल, माननीय डा. सुमित्रा श्रेष्ठ अमात्य, आयोगका सचिव, महाशाखा प्रमुख र कर्मचारीहरुका साथै राष्ट्रपतिको कार्यालयका सचिव तथा कर्मचारीहरुको समेत उपस्थिति रहेको थियो।

<u>प्रतिवेदनमा उल्लिखित मूल बिषयहरु देहायबमोजिम रहेका छन्ः</u>

१. आर्थिक वर्ष २०८१/८२ मा आयोगको केन्द्रीय कार्यालय र मातहत कार्यालयमा दर्ता भएका २८,५५४ वटा र गत आर्थिक वर्षबाट जिम्मेवारी सरी आएका ८,४७२ वटा गरी जम्मा ३७,०२६ वटा उजुरीको दर्ता कायम भएको छ। तीमध्ये सबैभन्दा बढी अर्थात् १०,२४५ वटा (२७.६७%) उजुरी आयोगको वेबसाइट प्रयोग गरी अनलाइनबाट प्राप्त भएका छन्। त्यसपछि क्रमशः लिखित निवेदन, इमेल, हुलाक सेवा, टेलिफोन, सामाजिक सञ्जाललगायतका माध्यमहरूबाट बढी उजुरी प्राप्त भएका छन्। यस अवधिमा दर्ता कायम भएका कुल उजुरीमध्ये १९,५६१ वटा (५२.८३%) उजुरी आयोगको केन्द्रीय कार्यालयमा रहेका छन्। आयोगका मातहत कार्यालयहरू मध्ये सबैभन्दा बढी अर्थात् ३,९७० वटा (१०.७२%) उजुरी आयोगको कार्यालय, बर्दिबासमा र सबैभन्दा कम अर्थात् ९०२ वटा (२.४४%) उजुरी सम्पर्क कार्यालय, नेपालगञ्जमा रहेका छन्।

२. प्रतिवेदन अवधिमा ६ वटा प्रदेशमा स्थानीय तहका निकाय वा पदाधिकारीसम्बद्ध उजुरी बढी परेका छन् भने बागमती प्रदेशमा सङ्घीय निकाय वा पदाधिकारीसम्बद्ध उजुरीको सङ्ख्या बढी रहेको छ। कर्णाली र सुदूरपश्चिम प्रदेशमा प्रदेश सरकारका निकाय वा पदाधिकारीसम्बद्ध बढी उजुरी परेको छ। उजुरीको समग्र सङ्ख्या बागमती प्रदेशमा सबैभन्दा बढी अर्थात् ११,२७७ वटा (३०.४६%) रहेका छन् भने गण्डकी प्रदेशमा सबैभन्दा कम अर्थात् २,४१३ वटा (६.५२%) रहेका छन्। यस अवधिमा प्राप्त कुल उजुरीमध्ये १९,९३३ वटा अर्थात् ५३.८४% उजुरी स्थानीय तहसम्बद्ध, १२,४७५ वटा अर्थात् ३३.६९% उजुरी सङ्घ सरकारसम्बद्ध र ४,६१८ वटा अर्थात् १२.४७% उजुरी प्रदेश सरकारसम्बद्ध रहेका छन्।

**प्रदेशगतरूपमा परेका सङ्घ, प्रदेश र स्थानीय तहसम्बद्ध उजुरीको विवरण**

| प्रदेश | सङ्घ | प्रदेश | स्थानीय तह | कुल जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| कोसी प्रदेश | ९०१ | ४८९ | १,९०४ | ३,२९४ | ८.९० |
| मधेस प्रदेश | १,३९६ | १,२०० | ७,०७२ | ९,६६८ | २६.११ |
| बागमती प्रदेश | ७,६२३ | ७०८ | २,९४६ | ११,२७७ | ३०.४६ |
| गण्डकी प्रदेश | ६४८ | ३४५ | १,४२० | २,४१३ | ६.५२ |
| लुम्बिनी प्रदेश | १,०४८ | ६३७ | २,७४३ | ४,४२८ | ११.९६ |
| कर्णाली प्रदेश | ४२३ | ६८१ | २,२२६ | ३,३३० | ८.९९ |
| सुदूरपश्चिम प्रदेश | ४३६ | ५५८ | १,६२२ | २,६१६ | ७.०७ |
| **प्रदेशगत जम्मा** | **१२,४७५** | **४,६१८** | **१९,९३३** | **३७,०२६** | **१००** |
| औसत उजुरी | १,७८२ | ६६० | २,८४८ | ५,२८९ | |
| **प्रतिशत** | **३३.६९** | **१२.४७** | **५३.८४** | **१००** | |

३. सङ्घ सरकारसम्बद्ध उजुरीमध्ये मन्त्रालयगत आधारमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग सम्बन्धित उजुरी सबैभन्दा बढी अर्थात् १७.१२% रहेका छन्। त्यसपछि बढी उजुरी परेका मन्त्रालयहरू क्रमशः गृह मन्त्रालय (१०.४१%), शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

(१०.३२%), स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय (५.९९%), अर्थ मन्त्रालय (५.४४%), उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय (४.८९%), संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय (३.५८%), भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय (३.४३%), सञ्चार तथा सूचना प्रविधि मन्त्रालय (३.१०%) र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (२.५७%) रहेका छन्। उल्लिखित मन्त्रालयहरू बाहेकका अन्य सङ्घीय मन्त्रालय तथा निकायसँग सम्बन्धित उजुरी ३३.१५% रहेका छन्।

**बढी उजुरी परेका १० सङ्घीय मन्त्रालय**

| क्र. सं. | मन्त्रालयको नाम | गत आ.व. बाट जिम्मेवारी सरेको उजुरी | आ.व. २०८१/८२ मा दर्ता भएका उजुरी | उजुरी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण | ५६५ | १५७१ | २१३६ | १७.१२ |
| २. | गृह | ९१ | १२०८ | १२९९ | १०.४१ |
| ३. | शिक्षा, विज्ञान तथा प्रविधि | २२६ | १०६१ | १२८७ | १०.३२ |
| ४. | स्वास्थ्य तथा जनसङ्ख्या | १४४ | ६०३ | ७४७ | ५.९९ |
| ५. | अर्थ | १०० | ५७९ | ६७९ | ५.४४ |
| ६. | ऊर्जा, जलस्रोत तथा सिँचाइ | १४७ | ४६३ | ६१० | ४.८९ |
| ७. | संस्कृति पर्यटन तथा नागरिक उड्डयन | १३९ | ३०७ | ४४६ | ३.५८ |
| ८. | भौतिक पूर्वाधार तथा यातायात | १३६ | २९२ | ४२८ | ३.४३ |
| ९. | सञ्चार तथा सूचना प्रविधि | ८८ | २९९ | ३८७ | ३.१० |
| १०. | उद्योग, वाणिज्य तथा आपूर्ति | ४४ | २७७ | ३२१ | २.५७ |
| ११. | अन्य मन्त्रालय तथा निकाय | १,३२८ | २८०७ | ४,१३५ | ३३.१५ |
| **जम्मा** | | **३,००८** | **९,४६७** | **१२,४७५** | **१००** |

४. आर्थिक वर्ष २०८१/८२ मा दर्ता कायम भएका प्रदेश सरकारसम्बद्ध कुल ४,६१८ वटा उजुरीमध्ये सबैभन्दा बढी अर्थात् १,२०० वटा (२५.९९%) उजुरी मधेस प्रदेशसम्बद्ध र सबैभन्दा कम अर्थात् ३४५ वटा (७.४८%) उजुरी गण्डकी प्रदेशसम्बद्ध रहेका छन्। विषय क्षेत्रगतरूपमा परेका उजुरी सङ्ख्याको आधारमा कोसी, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा वन तथा वातावरण क्षेत्रसँग सम्बन्धित उजुरी सबैभन्दा धेरै रहेका छन्। मधेस प्रदेशमा भने भौतिक पूर्वाधार तथा यातायत क्षेत्रसँग सम्बन्धित उजुरीको सङ्ख्या सबैभन्दा बढी रहेको छ।

५. यस अवधिमा दर्ता कायम भएका स्थानीय तहसम्बद्ध कुल १९,९३३ उजुरीमध्ये सबैभन्दा बढी अर्थात् ७,०७२ वटा (३५.४८%) उजुरी मधेस प्रदेशका स्थानीय तहसँग सम्बन्धित र सबैभन्दा कम अर्थात् १,४२० वटा (७.१२%) उजुरी गण्डकी प्रदेशका स्थानीय तहसँग सम्बन्धित रहेका छन्। यसैगरी, स्थानीय तहसम्बद्ध उजुरीमध्ये सबैभन्दा बढी अर्थात् ४१३ वटा (२.०७%) उजुरी

पोखरा महानगरपालिका, कास्कीसँग सम्बन्धित रहेका छन्। त्यसपछि बढी उजुरी पर्ने स्थानीय तहहरूमा क्रमशः काठमाडौं महानगरपालिका, काठमाडौंसँग सम्बन्धित ३८१ वटा, छिपरमाई गाउँपालिका, पर्सासँग सम्बन्धित २९८ वटा, सुवर्ण गाउँपालिका, बारासँग सम्बन्धित २३० वटा, नारायण नगरपालिका, दैलेखसँग सम्बन्धित २०६ वटा, पचरौता नगरपालिका, बारासँग सम्बन्धित १९२ वटा, जलेश्वर नगरपालिका, महोत्तरीसँग सम्बन्धित १९१ वटा, ललितपुर महानगरपालिका, ललितपुरसँग सम्बन्धित १८८ वटा र जनकपुर उपमहानगरपालिका, धनुषासँग सम्बन्धित १७९ वटा रहेका छन्।

**बढी उजुरी परेका १० स्थानीय तह**

| क्र.सं. | मन्त्रालयको नाम | जिल्लाको नाम | गत आ.व. बाट जिम्मेवारी सरेका | आ.व. २०८१/८२ मा दर्ता भएका | उजुरी सङ्ख्या | उजुरी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १. | पोखरा महानगरपालिका | कास्की | २८ | ३८५ | ४१३ | २.०७ |
| २. | काठमाडौं महानगरपालिका | काठमाडौं | ५६ | ३२५ | ३८१ | १.९१ |
| ३. | छिपहरमाई गाउँपालिका | पर्सा | ३८ | २६० | २९८ | १.५० |
| ४. | सुवर्ण गाउँपालिका | बारा | ५२ | १७८ | २३० | १.१५ |
| ५. | नारायण नगरपालिका | दैलेख | १५ | १९१ | २०६ | १.०३ |
| ६. | पचरौता नगरपालिका | बारा | ४५ | १४७ | १९२ | ०.९६ |
| ७. | जलेश्वर नगरपालिका | महोत्तरी | ३० | १६१ | १९१ | ०.९६ |
| ८. | ललितपुर महानगरपालिका | ललितपुर | २२ | १६६ | १८८ | ०.९४ |
| ९. | जनकपुर उपमहानगरपालिका | धनुषा | ३४ | १४५ | १७९ | ०.९० |
| १०. | कटहरिया नगरपालिका | रौतहट | २२ | १४७ | १६९ | ०.८५ |
| ११. | अन्य स्थानीय तह | | ४०९१ | १३३९५ | १७४८६ | ८७.७२ |
| **जम्मा** | | | **४,८४३** | **१५,५००** | **१९,९३३** | **१००** |

६. प्राप्त उजुरीमध्ये समग्रमा सबैभन्दा बढी १४,१५६ वटा (३८.२३%) उजुरी स्थानीय तह (सङ्घीय मामिला) सँग सम्बन्धित रहेका छन्। त्यसैगरी, ११.२७% उजुरी स्थानीय तहको शिक्षा क्षेत्रसँग सम्बन्धित रहेका छन्। त्यसपछि क्रमशः भूमि प्रशासन (५.९१%), स्वास्थ्य (३.७२%), वन र वातावरण (३.५९%), गृह प्रशासन (३.५४%), शिक्षा, विज्ञान तथा प्रविधि (३.५४%), भौतिक पूर्वाधार तथा यातायात (३.४७), ऊर्जा, जलस्रोत तथा सिँचाइ (२.४१%), अर्थ (१.९२%), गैरकानुनी सम्पत्ति आर्जन (स्थानीय तहसम्बद्ध समेत-६.३४%) र नक्कली शैक्षिक प्रमाणपत्र (स्थानीय तहसम्बद्ध समेत-४.५३%) बढी उजुरी परेका विषय क्षेत्रहरू रहेका छन्। विस्तृत विवरण अनुसूची ६ (ख) संलग्न छ।

## उजुरीको क्षेत्रगत विवरण

| क्र.सं. | उजुरीको क्षेत्र | गत आ.व.बाट जिम्मेवारी सरेको उजुरी | आ.व. २०८१/८२ मा दर्ता उजुरी | उजुरी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | स्थानीय तह (सङ्घीय मामिला) | २,९८९ | ११,१६७ | १४,१५६ | ३८.२३ |
| २. | स्थानीय तह (शिक्षा) | ८७४ | ३,२९९ | ४,१७३ | ११.२७ |
| ३. | भूमि प्रशासन | ५७६ | १,६१४ | २,१९० | ५.९१ |
| ४. | स्वास्थ्य | २१६ | १,१६२ | १,३७८ | ३.७२ |
| ५. | वन र वातावरण | २४९ | १,०८२ | १,३३१ | ३.५९ |
| ६. | गृह प्रशासन | ९२ | १,२१९ | १,३११ | ३.५४ |
| ७. | शिक्षा, विज्ञान र प्रविधि | २३५ | १,०७६ | १,३११ | ३.५४ |
| ८. | भौतिक पूर्वाधार तथा यातायात | ३२६ | ९६० | १,२८६ | ३.४७ |
| ९. | ऊर्जा, जलस्रोत र सिँचाइ | २३७ | ६५६ | ८९३ | २.४१ |
| १०. | अर्थ | १०२ | ६०९ | ७११ | १.९२ |
| ११. | गैरकानुनी सम्पत्ति आर्जन | ५८४ | १,७६२ | २,३४६ | ६.३४ |
| १२. | नक्कली शैक्षिक प्रमाणपत्र | १,१३६ | ५४२ | १,६७८ | ४.५३ |
| १३. | अन्य क्षेत्र | ८५६ | ३,४०६ | ४,२६२ | ११.५१ |
| **जम्मा** | | **८,४७२** | **२८,५५४** | **३७,०२६** | **१००** |

७. यस अवधिका उजुरीमध्ये २९,७०३ वटा उजुरी अर्थात् ८०.२२ प्रतिशत स्क्रिनिङ र प्रारम्भिक छानबिनबाट फछ्र्यौट भएका छन्। जसमध्ये ९२७ वटा उजुरीउपर विस्तृत अनुसन्धान गर्ने, १७,१३० उजुरी तामेली गरिएको, ५८६ उजुरीउपर सुझाव दिई तामेली गरिएको र ११,०६० उजुरीउपर कानुनबमोजिम अन्य कारबाही गरिएको छ। प्रारम्भिक छानबिनको क्रममा रहेका ७,३२३ उजुरी आर्थिक वर्ष २०८२/८३ मा जिम्मेवारी सरेर आएका छन्।

## स्क्रिनिङ र प्रारम्भिक छानबिनबाट फछ्र्यौट भएका उजुरीको विवरण

| आयोगको कार्यालय | कुल उजुरीको सङ्ख्या | फछ्र्यौट गरिएका उजुरीको सङ्ख्या | | | | | बाँकी उजुरीको सङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| | | विस्तृत अनुसन्धानमा गएको | तामेली | सुझावसहित तामेली | अन्य कारबाही | कुल फछ्र्यौट सङ्ख्या | |
| टङ्गाल | १९,५६१ | ३१५ | ९,२०९ | ९१ | ६,६९२ | १६,३०७ | ३,२५४ |
| इटहरी | २,३३६ | ६८ | १,१०६ | १३ | ७४८ | १,९३५ | ४०१ |
| बर्दिबास | ३,९७० | १५९ | २,०२८ | ६८ | ६५४ | २,९०९ | १,०६१ |
| हेटौंडा | २,७६५ | ५७ | १,१५८ | ७९ | ६५१ | १,९४५ | ८२० |
| पोखरा | १,३६० | ४६ | ५६२ | ६१ | ५१० | १,१७९ | १८१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| बुटवल | १,८५३ | ८४ | ८४१ | १६४ | ५२० | १,६०९ | २४४ |
| नेपालगञ्ज | ९०२ | २० | ४०३ | २३ | ३४२ | ७८८ | ११४ |
| सुर्खेत | २,५८३ | ११५ | १,०८७ | ८५ | ५११ | १,७९८ | ७८५ |
| कञ्चनपुर | १,६९६ | ६३ | ७३६ | २ | ४३२ | १,२३३ | ४६३ |
| **जम्मा** | **३७,०२६** | **९२७** | **१७,१३०** | **५८६** | **११,०६०** | **२९,७०३** | **७,३२३** |

८. आर्थिक वर्ष २०८१/८२ मा ९४७ वटा फाइलहरूको विस्तृत अनुसन्धान सम्पन्न भई आयोग समक्ष पेश भएकोमा कुल ८१ वटा बैंठक बसी १३७ वटा मुद्दा दायर गर्ने निर्णय सहित विभिन्न विषयहरूमा जम्मा १,४११ वटा निर्णयहरू भएका छन।

९. यस अवधिमा आयोगबाट विभिन्न भ्रष्टाचारजन्य कसुरमा १३५ वटा र सम्पत्ति शुद्धीकरण कसुरमा २ वटा गरी जम्मा १३७ वटा मुद्दा विशेष अदालतमा दायर गरिएको छ। भ्रष्टाचारजन्य कसुरमा दायर भएका मुद्दामध्ये सबैभन्दा बढी अर्थात् ३७ वटा मुद्दा घुस रिसवतसम्बन्धी रहेका छन्। त्यसपछि क्रमशः गैरकानुनी लाभ हानिसम्बन्धी ३५ वटा, झुटा नक्कली शैक्षिक प्रमाणपत्रसम्बन्धी २७ वटा, सार्वजनिक सम्पत्तिको हानि नोक्सानीसम्बन्धी २४ वटा, गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी ८ वटा, र विविध विषयका ४ वटा मुद्दा रहेका छन्। उल्लिखित मुद्दाहरूमा ९४ जना महिला, ६१९ जना पुरुष र ४० संस्था गरी कुल ७५३ प्रतिवादीविरुद्ध कैद सजाय र जरिवानाका अतिरिक्त जम्मा ६ अर्ब १ करोड ८४ लाख ७२ हजार ६ सय ९२ रुपियाँ ९३ पैसा बिगो मागदाबी लिइएको छ।

**मुद्दा दायर, प्रतिवादी र बिगो मागदाबी सम्वन्धी विवरणः**

| क्र.सं. | विषय | मुद्दा सङ्ख्या | प्रतिवादी (सङ्ख्या) | | | | कुल बिगो मागदाबी (रु.) |
|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | संस्था | जम्मा | |
| १. | घुस (रिसवत) | ३७ | ६ | ७१ | १ | ७८ | ४,९२,७६,८००।- |
| २. | गैरकानुनी लाभ वा हानि | ३५ | २७ | २३८ | २३ | २८८ | ८२,५५,५७,०४४।७१ |
| ३. | झुटा/नक्कली शैक्षिक प्रमाणपत्र | २७ | ४ | २३ | - | २७ | - |
| ४. | सार्वजनिक सम्पत्ति हानि नोक्सानी | २४ | ४२ | २४५ | १४ | ३०१ | ४,६४,४१,७३,९४६।९७ |
| ५. | गैरकानुनी सम्पत्ति आर्जन | ८ | ९ | ११ | - | २० | ३४,९६,९१,८६८।९२ |
| ६. | सम्पत्ति शुद्धीकरण | २ | २ | ३ | २ | ७ | १४,९७,७३,०३२।३३ |
| ७. | अन्य | ४ | ४ | २८ | - | ३२ | - |
| | **जम्मा** | **१३७** | **९४** | **६१९** | **४०** | **७५३** | **६,०१,८४,७२,६९२।९३** |

माथि उल्लेखित कुल ७५३ प्रतिवादीहरुमध्ये राष्ट्रसेवक कर्मचारी ३९२, निर्वाचित जनप्रतिनिधिहरु ४८, राजनितिक नियुक्ति १८, विभिन्न उपभोक्ता तथा व्यवस्थापन समितिका पदाधिकारीलगायत, संस्था र अन्य गरी २९५ रहेका छन। राष्ट्रसेवक कर्मचारी ३९२ जनामध्ये विशिष्ट श्रेणीका १,

सहसचिव वा सो सरह २४ उपसचिव वा सो सरह ५४ र शाखा अधिकृत वा सो सरह १७२ र सहायकस्तरका १४१ जना रहेका छन।

१०. आयोगबाट विशेष अदालतमा दायर भएका मुद्दाहरू मध्ये आर्थिक वर्ष २०८१/८२ मा गत विगत आर्थिक वर्षमा दायर भएका मुद्दासमेत जम्मा ३९३ वटा मुद्दाको फैसला प्राप्त भएको छ। फैसला प्राप्त भएका मुद्दाहरूमध्ये ८७ वटा मुद्दामा पूर्ण र १२० वटा मुद्दामा आंशिक गरी २०७ वटा अर्थात् ५२.६७% मुद्दामा कसुर कायम भएको छ। आयोगले गर्ने स्टिङ अपरेसनका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० अमान्य र बदर हुने भनी मिति २०७८/०१/०८ मा फैसला भएको कारण उक्त मितिपछि घुस (रिसवत) सम्बन्धी भ्रष्टाचार मुद्दाको सफलतादर घटेको कारण समग्र सफलतादरसमेत प्रभावित हुन गएको छ।

११. विशेष अदालतको फैसलामा पूर्णरूपले कसुर कायम नभएका १७८ र आंशिकरूपले कसुर कायम नभएका ७३ वटा गरी जम्मा २५१ वटा मुद्दाको सम्बन्धमा आयोगबाट यस अवधिमा सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको छ। साथै, यस अवधिमा आयोगले गरेका पुनरावेदनउपर सम्मानित सर्वोच्च अदालतले गरेको फैसलामा चित्त नबुझी आयोगले सोही अदालतमा ५ वटा पुनरावलोकन निवेदन दिएको छ।

१२. आयोगले अवलम्बन गर्दै आएको निरोधात्मक रणनीतिअन्तर्गत् आफ्नो चौतिसौं वार्षिक प्रतिवेदनमार्फत् सबै शासकीय तहका सार्वजनिक निकाय तथा पदाधिकारीलाई विभिन्न २६४ वटा सुझाव प्रदान गरेको थियो। यसैगरी, आयोगले प्रतिवेदन अवधिमा नेपाल सरकारका मुख्य सचिव, सचिव र विभागीय प्रमुख तथा प्रदेश सरकारका सचिवसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरी सोको आधारमा तीनै तहका सरकारका निकायहरूलाई ३१ बुँदे सुझाव दिएको छ भने नियामक निकाय र सार्वजनिक संस्थानका प्रमुखसँग छुट्टै अन्तरक्रिया कार्यक्रम सम्पन्न गरी उठेका सवालसँग सम्बन्धित १३ बुँदे सुझाव प्रदान गरेको छ। साथै, आयोगले विभिन्न उजुरीहरूको प्रारम्भिक छानबिनपश्चात् ५८६ वटा र विस्तृत अनुसन्धानपश्चात् १०५ वटा गरी जम्मा ६९१ वटा सुझाव विभिन्न सार्वजनिक निकाय वा पदाधिकारीलाई प्रदान गरेको छ। साथै, प्रतिवेदन अवधिमा आयोगले उजुरीको सघनता, प्रकृति, जटिलता, गाम्भीर्यतालाई मध्यनजर गरी विभिन्न ६ वटा सार्वजनिक निकायका पदाधिकारीसँग समन्वय बैठक र छलफल गरेको छ।

१३. आयोगको प्रवर्धनात्मक रणनीति अन्तर्गत् आर्थिक वर्ष २०८१/८२ मा आयोगका आयुक्तको उपस्थितिमा कोसी, मधेस र कर्णाली प्रदेशमा १-१ वटा प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ। यसैगरी, यस अवधिमा आयोगले १४ वटा जिल्लाहरूमा जिल्लास्तरीय अन्तरक्रिया

कार्यक्रम र १५२ वटा स्थानीय तहमा स्थानीय तहस्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। साथै, आयोगले "सुशासन सवाल" र "नीति संवाद" नामक टेलिभिजन कार्यक्रमको उत्पादन तथा प्रसारण गर्दै आएको छ।

१४. आयोगको जनशक्ति विकासका लागि आर्थिक वर्ष २०८१/८२ मा जम्मा १२५ जना नवआगन्तुक अधिकृत कर्मचारीहरूका लागि ४ पटक अनुसन्धानसम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गरिएको छ। यसैगरी, यस अवधिमा आयोगका ८२ जना अधिकृत कर्मचारीका लागि २ पटक सम्पत्ति शुद्धीकरण कसुरको अनुसन्धानसम्बन्धी १ दिने अभिमुखीकरण तालिम र ३२ जना अधिकृतस्तरका कर्मचारीको लागि सार्वजनिक खरिदसम्बन्धी २ दिने विशिष्टीकृत तालिम प्रदान गरिएको छ। साथै, यसै वर्षमा आयोगका १११ जना पदाधिकारी तथा कर्मचारीलाई विभिन्न वैदेशिक तालिम, बैठक, गोष्ठी र सेमिनारमा सहभागी गराइएको छ।

१५. आयोगले विगतमा दिएका सुझावहरूको कार्यान्वयन अवस्थाको सम्बन्धमा सम्बन्धित निकायबाट माग गरिएको विवरणमा कार्यान्वयन हुन बाँकी रहेको देखिएका सुझावहरूलाई यस पैंतिसौं प्रतिवेदनमा निरन्तरता दिइएको छ भने आवश्यकता र औचित्यको आधारमा थप नयाँ मन्त्रालयगत वा निकायगत र विषय क्षेत्रगत सुझावसमेत यसमा समावेश गरिएको छ।

१६. भ्रष्टाचारको स्वरूप र शैलीमा भइरहेको परिवर्तनलाई सम्बोधन गर्नका लागि आयोगमा विशिष्ट दक्षतायुक्त जनशक्ति तथा आधुनिक प्रविधि एवम् उपकरणको व्यवस्था र उपयुक्त अनुसन्धान पद्धतिको अवलम्बन गर्नुपर्ने अवस्था रहेको छ। भ्रष्टाचारका जोखिमयुक्त क्षेत्रमा प्रोएक्टिभ अनुसन्धान गर्ने प्रणालीलाई पूर्णरूपले अवलम्बन गर्न सकिएको छैन। उजुरीको सङ्ख्यामा वृद्धि हुँदै गए तापनि तथ्यपरक एवम् गुणस्तरीय उजुरीको अभाव रहेको छ। भ्रष्टाचारजन्य कसुरको अनुसन्धानका लागि महत्वपूर्ण देशहरूसँग पारस्परिक कानुनी सहायता सम्झौता हुन सकेका छैनन्। भ्रष्टाचार नियन्त्रणको एकल जिम्मेवारी आयोगको मात्रै हो भन्ने आमधारणा रहेको पाइएको छ। भ्रष्टाचारबाट आर्जित आर्थिक हैसियतको सामाजिक स्वीकार्यता घटाउन सकिएको छैन।

१७. आयोगले सामना गरिरहेका यस्ता समस्या र चुनौतीहरूलाई सामना गर्न आयोगको पाँचौ रणनीतिक योजना (२०८१/८२-२०८५/८६) मा तय गरिएका रणनीति, नीति र क्रियाकलापहरूको प्रभावकारी कार्यान्वयन गर्दै भ्रष्टाचारजन्य कसुरको अनुसन्धान र अभियोजन प्रणालीलाई थप वैज्ञानिक, वस्तुनिष्ठ र प्रमाणमा आधारित बनाउन आवश्यक कानुनको तर्जुमा एवम् परिमार्जन गर्ने, सूचना प्रविधिको प्रयोगलाई विस्तार गर्ने, उजुरीको फछ्र्यौट अवधि घटाउने, भ्रष्टाचारका जोखिमयुक्त क्षेत्रमा प्रो-एक्टिभ अनुसन्धान गर्ने, विज्ञ सेवा लिने, नवीनतम अनुसन्धानका विधि र पद्धति अवलम्बन गर्ने, पारस्पारिक कानुनी सहायतासम्बन्धी सम्झौताको लागि थप पहल र प्रयास गर्ने, अनुसन्धान अधिकृतहरूको विशिष्टीकृत

अनुसन्धान क्षमता अभिवृद्धि गर्ने, भौतिक पूर्वाधारहरूको थप व्यवस्था गर्ने जस्ता कार्यदिशा निर्धारण गरिएको छ।

१८. आयोगले सामना गर्नुपरेका विभिन्न नीतिगत, कानुनी, संस्थागत, प्रशासनिक र पर्यावरणीय चुनौतीहरूका बाबजुद आयोगबाट भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्धनका लागि उल्लेखनीय कार्यहरू भएका छन्। उजुरीको फछ्र्यौट दरमा वृद्धि हुँदै गएको छ। उजुरीको अनुसन्धान र अभियोजन पद्धतिमा सुधार गर्दै लगिएको छ। उजुरी फछ्र्यौटका लागि लाग्ने समयावधि र मुद्दाको सफलता दर बढाउन सार्थक प्रयासहरू भएका छन्।

१९. आयोगले सम्पादन गर्दै आएका उपचारात्मक, निरोधात्मक र प्रवर्धनात्मक कार्यबिच सन्तुलन कायम गर्न राज्यका सबै संयन्त्र, निजी क्षेत्र, नागरिक समाज र सञ्चारजगतसँगको सहकार्य अपरिहार्य हुन्छ। साथै, भ्रष्टाचार नियन्त्रणलाई बहुआयामिक रूपमा आर्थिक-सामाजिक विकास एजेण्डामा समावेश गरी मूल प्रवाहीकरण गर्नुपर्ने आवश्यकता रहेको छ। कानुनको परिपालनामा इमान्दार प्रयास, उच्च नैतिक मूल्यमान्यताको प्रवर्धन र जनअपेक्षालाई केन्द्रमा राखेर कार्यसम्पादन गर्न सकेमा मात्र अपेक्षितरूपमा भ्रष्टाचार न्यूनीकरण गर्न सकिन्छ। खासगरी भ्रष्टाचारको असर होइन कारण नै रोकथाम गर्न सकेमा मात्र भ्रष्टाचारलाई उल्लेख्य मात्रामा नियन्त्रण गर्न सकिन्छ। अतः भ्रष्टाचारजन्य कसुरको गुणस्तरीय र थप प्रभावकारी अनुसन्धान तथा अभियोजनमा आयोगलाई सहयोग पुऱ्याउन र भ्रष्टाचारविरुद्ध निरोधात्मक तथा प्रवर्धनात्मक अभियान तर्जुमा गरी सोको परिणाममुखी तवरले कार्यान्वयन गर्न राज्यका सबै कार्यकारी निकायहरूलाई आयोग आह्वान गर्दछ। साथै, भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्धन गर्ने कार्यमा साथ र सहयोगका लागि सार्वजनिक, निजी, गैरसरकारी तथा सहकारी क्षेत्र, सञ्चारजगत्, नागरिक समाज, आम-जनसमुदाय र सम्पूर्ण सरोकारवालाहरूलाई आयोग हार्दिक अनुरोध गर्दछ।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल